नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट विभाग अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय काठमाडौं सहितको संयुक्त टोलीले नियमित अनुगमन निरीक्षण गर्ने क्रममा निम्न लिखित खाद्य व्यवसायको मिति २०८३/०६/०१ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तालिकामा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | टु एस आर. ग्रुप प्रा. लि, काठमाडौं -१३ कालिमाटी | • सरसफाईको अवस्था सामान्य रहेको<br>• खाद्यान्नका बोराहरू प्यालेटमा नराखि भण्डारण गरेको पाइयो<br>• कीट नियन्त्रणको व्यवस्था सामान्य रहेको। | • खाद्य स्वच्छता कायम राख्न<br>• कीट नियन्त्रणको व्यवस्था थप प्रभाबकारी गर्ने<br>• उचित भण्डारण अभ्यास अबलम्बन गर्न निर्देशन दिइयो। |
| २. | सगरमाथा एग्रो ट्रेडीङ प्रा.लि, शाखा कार्यालय, ललितपुर महानगरपालिका वडा नं-४ | • कीट नियन्त्रणको व्यवस्था सन्तोषजनक नरहेको<br>• उचित भण्डारण अभ्यास अबलम्बन नगरेको<br>• विभिन्न ब्रान्डका चामल बिक्रि वितरण गर्ने गरेको पाइयो। | • कीट नियन्त्रणको प्रभावकारी व्यवस्था गर्ने<br>• उचित भण्डारण अभ्यास अबलम्बन गर्ने<br>• खाद्य स्वच्छता कायम राख्न निर्देशन दिइयो। |
| ३. | श्याम बेकरी उद्योग, काठमाडौं -१४ | • सरसफाई सामान्य पाइयो<br>• कीट नियन्त्रणको व्यवस्था सामान्य रहेको।<br>• उपभोग्य मिति समाप्त भएको छ (६) कार्टुन (६ × १० लि) वनस्पति घ्यू भण्डारण कक्षमा पाइयो। | • खाद्य स्वच्छता कायम राख्ने<br>• उपभोग्य मिति समाप्त भएको वनस्पति घ्यू नष्ट गरिएको<br>• किट नियन्त्रण व्यवस्था थप प्रभावकारी गर्न निर्देशन दिइयो। |

| | | | |
|---|---|---|---|
| ४. | ए वन पोलिमर एंड वेभरेज प्र.लि., कागेश्वरी मनोहरा - ७, मुलपानी | • प्याकिंग गर्न ठिक पुर्व UV treatment हुनुपर्नेमा UV treatment पछाडी micro filter रहेको पाइयो<br>• प्रशोधन स्थलमा ढोका नभएको<br>• उद्योग परिसरमा "प्रवेश निषेध" भनि उल्लेख गरेको बोर्ड नरहेको<br>• प्रशोधित पानी उत्पादन मापदण्ड सम्बन्धी निर्देशिका, २०७४ बमोजिमको कुनै पनि कागजात नरहेको। | • Critical र major safety issue भएकोले सुधार नभए सम्मको लागि उत्पादन बन्द गर्ने निर्देशन दिईयो<br>• स्टकमा रहेको Fusion park को लेबलिंङ भएको नौ सय (९००) मि लिको तिनसय (३००) वटा बोतल र Aqua mine brand को लेबलिंङ भएको पाँचसय (५००) मि लिको १,९६० वटा बोतल प्रयोगशालको प्रतिवेदन प्राप्त नभएसम्मका लागि रोक्का गर्ने निर्देशन दिईयो। |
| ५. | बि एंड बि डेरी एंड बेकरी पसल, कागेश्वरी मनोहरा - ६, काठमाडौं | • लेबल विवरण नभएको दहि पाँचसय (५००) मि लि को एघार (११) वटा, एक (१) लिटरको दहि छ (६) वटा तथा रसबरी एक (१) वटा डब्बा पाइयो<br>• खुल्ला दुध दहि बिक्रि गरेको पाइयो<br>• प्लाष्टिकको भाडामा दुधजन्य उत्पादन राखेको पाइयो<br>• अनुमति पत्र प्राप्त नगरेको डेरी उद्योगबाट प्याकिंग गरेको दुधजन्य उत्पादन बिक्रि गरेको पाइयो। | • बेकरी र डेरी पसल अलग अलग राख्न निर्देशन दिइयो<br>• विवरणमा उल्लेख भएको लेबल नभएको सबै उत्पादनहरू नष्ट गरियो<br>• अनुमति प्राप्त डेरी उद्योग बाट मात्र दुधजन्य उत्पादन खरिद गर्ने<br>• प्लाष्टिकको भाडोमा दुधजन्य उत्पादन नराख्ने लगायत दुध तथा दुधजन्य पदार्थ उत्पादन मापदण्ड निर्देशिका, २०७५ पालना गर्ने निर्देशन दिइयो। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः पाँच (५) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०६/०२

<u>अनुगमनका केहि झलकहरु</u>
















